नेपाल सरकार (मन्त्रीपरिषद्) मिति २०७५/१०/२१ को निर्णयानुसार

# जडीबुटी विकासका लागि अनुदान सम्बन्धी कार्यविधि-२०७५

## पृष्ठभूमि

जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरूको संरक्षण र सम्बर्द्धनबाट अर्थ व्यवस्थामा ठोस योगदान पुर्‍याई आगामी सन् २०२० सम्म अन्तर्राष्ट्रिय जगतमा नेपाललाई जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरूको बृहत भण्डारको रुपमा परिचित गराउने जडीबुटी एवं गैरकाष्ठ वन पैदावार नीति २०६१ को दीर्घकालीन नीति रहेको छ । यसैगरी वन नीति, २०७१ मा पनि उच्च मूल्यका, संकटापन्न, दुर्लभ तथा लोपोन्मुख प्रजातिका वनस्पति र जडीबुटीको पहिचान, दीगो संकलन, पुनरोत्पादनको सुनिश्चितता, प्रविधि विकास, व्यवसायिकरण र बजारीकरण गर्न समुदाय तथा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने व्यवस्था रहेको छ ।

यसै अनुरुप महत्वपूर्ण जडीबुटी श्रोतहरुको दीगो संरक्षण र विकासका लागि कृषक समूह, समिति, सहकारीलाई खेती विस्तार र उद्यम विकासमा सहभागी गराई आय-आर्जनका अवसरबाट गरिबी न्यूनीकरण र समतामूलक विकासमा समेत सघाउ पुर्‍याउने योजना रहेको सन्दर्भमा सो कार्यक्रम संचालन प्रक्रियालाई सहज व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक भएकोले वन तथा वातावरण मन्त्रालयले यो कार्यविधि जारी गरेकोछ ।

## परिच्छेद -१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "जडीबुटी विकासका लागि अनुदान सम्बन्धी कार्यविधि २०७५" रहेको छ।

(ख) यो कार्यविधि नेपाल सरकारबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२.परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "जडीबुटी" भन्नाले औषधीय महत्व भएको वनस्पतिलाई सम्झनु पर्दछ ।

(ख) "कार्यक्रम" भन्नाले जडीबुटी विकासका लागि अनुदान सम्बन्धी कार्यक्रम सम्झनु पर्दछ ।

(ग) "अनुदान" भन्नाले यस कार्यविधि अन्तर्गत रहि प्राप्त हुने नगद सहयोग सम्झनु पर्दछ ।

(घ) "सहकारी" भन्नाले सहकारी ऐन २०४८ अनुसार गठन भएको संघ, संस्था सम्झनु पर्दछ, जसको विधानमा जडीबुटी, कृषि वा गैरकाष्ठ वन पैदावारमा समेत कार्यगर्ने उल्लेख गरिएको हुनेछ ।

(ङ) "समूह" भन्नाले स्थानीय तहहरुमा रहेका वा गठन हुने उपभोक्ता समूह वा लाभग्राही समूह वा वन उपभोक्ता समिति वा कृषक समूह समेतलाई सम्झनु पर्दछ ।

(च) "मन्त्रालय" भन्नाले वन तथा वातावरण मन्त्रालय सम्झनु पर्दछ ।

(छ) "विभाग" भन्नाले वनस्पति विभाग सम्झनु पर्दछ ।

(ज) "समिति" भन्नाले बुँदा ६ (१) बमोजिमको जडीबुटी खेती अनुदान कार्यक्रम कार्यान्वयन समिति सम्झनु पर्दछ ।

(झ) "लागत" भन्नाले विभागले तयार गर्ने ड्रइङ, डिजाइन, स्पेसिफिकेसन अनुसार तयार गरिएको लागत अनुमानले समेटेको रकमलाई सम्झनु पर्दछ।

**३ .कार्यक्रमको उद्देश्य :** यो कार्यक्रम देहायको उद्देश्य प्राप्तिको लागि संचालन गरिनेछ

(क) नर्सरी निर्माण, व्यवसायिक खेति, बाली संकलन पछिको व्यवस्थापन कार्य, प्रशोधन तथा मूल्य अभिवृद्धि कार्य र लगानी सुरक्षण कार्य मार्फत जडीबुटीको खेती प्रवर्द्धन गर्ने ।

(ख) महत्वपूर्ण जडीबुटीहरुको व्यवसायिक खेतीलाई प्रोत्साहन गरी प्राकृतिक अवस्थामा रहेका जडीबुटी जन्य श्रोतको दोहनलाई कम गर्ने तथा कृषि विविधिकरणमा टेवा पुर्‍याउने।

(ग) जडीबुटीको व्यवसायिक खेती कार्यमा सहकारी/समूह मार्फत समाजका पिछडिएका, विपन्न र महिला लगायत वर्गहरुको सहभागितालाई सुनिश्चित गर्न समावेशीतालाई बढावा दिई दुर्गम तथा ग्रामीण क्षेत्रमा रोजगारी र आय आर्जनको अवसरहरु बढाउने ।

## परिच्छेद - २

## कार्य संचालन प्रक्रिया

४. **जडीबुटी खेतीको लागि छनौट गरिएका प्रजातिहरू :** अनुसूची १ मा उल्लेखित छनौट आधार र अंक भार बमोजिम जडीबुटी खेतीको लागि अनुसूची २ अनुसारका प्रजातिहरु छनौट गरिएका छन् ।

५. **कार्य संचालनको लागि प्रस्तावित क्षेत्र :** (१) जडीबुटीको उपलब्धता, सम्भावना र क्षेत्रगत रुपमा आय-आर्जनको प्रमुख श्रोत रहे नरहेको तथ्यमा आधारित रही देशभरीका लक्षित क्षेत्रहरुमा कार्यक्रम संचालन गरिनेछ ।

(२) स्थानहरुको छनौट बुँदा ६(१)बमोजिमको जडीबुटी खेती अनुदान कार्यक्रम कार्यान्वयन समितिले गर्नेछ ।

६. **कार्यक्रम संचालन गर्ने विधि :** (१) कार्यक्रम संचालनको लागि प्रभावकारी व्यवस्था मिलाउने, प्रस्ताव छनौट गर्ने, कार्यक्रम बाँडफाँड गरी समग्र कार्यक्रमको अनुगमन तथा मूल्यांकन गरी/गराई प्रगति समीक्षा गर्नका लागि देहाय बमोजिमको जडीबुटी खेती अनुदान कार्यक्रम कार्यन्वयन समिति रहनेछ :

| | |
|---|---|
| (क) महानिर्देशक वा निजले तोकेको व्यक्ति (रा.प.प्रथम वा सो सरह) | संयोजक |
| (ख) प्रतिनिधि, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| (ग) विज्ञ प्रतिनिधि, वनस्पति शास्त्र केन्द्रीय विभाग | सदस्य |
| (घ) प्रमुख, योजना तथा अनुगमन शाखा | सदस्य सचिव |

समितिलाई आवश्यक परेको खण्डमा आमन्त्रित सदस्यको रुपमा विषय विज्ञहरु समितिको बैठकमा राख्न सकिनेछ।

(२) ड्रइङ, डिजाइन, स्पेसिफिकेसन, अनुगमन, सम्पन्न कार्यको प्राविधिक नाप-जाँच समेतका प्राविधिक सहयोगको व्यवस्था गर्न सोहि कार्यक्रममा विनियोजित बजेटबाट बढीमा ५ प्रतिशत व्यहोरिने छ । तर अनुदान वापत उपलब्ध गराईने रकमबाट कुनै प्रकारको रकम कट्टी गरिने छैन ।

(३) समितिले लक्षित क्षेत्रमा कार्यक्रम संचालनको लागि राष्ट्रिय स्तरको दैनिक पत्रिका वा स्थानीय स्तरको पत्रिका/एफ.एम, रेडियोमा विज्ञापन खुलाई प्रस्ताव आव्हान गर्नेछ। प्रस्ताव पेश गर्दा दर्ता/नविकरण प्रमाणपत्र, अनुसूची ३ अनुसारको कार्ययोजना तथा स्वीकृत विधान पेश गर्नुपर्नेछ ।

(४) प्राप्त प्रस्तावहरुलाई अनुसूची ४ अनुसारको मापक र अङ्कभारको आधारमा समितिले (वा समितिले प्रस्ताव गर्ने उप-समिति) मूल्यांकन र प्रस्तावकहरुको प्रारम्भिक सुची निर्धारण गर्नेछ ।

(५) प्रारम्भिक सुची अनुसारको प्रस्तावहरुको फिल्ड भेरिफिकेसन पछि अन्तिम सूची तयार गरि कार्यक्रम संचालनको लागि सिफारिस गरिनेछ ।

(६) सिफारिस भएका प्रस्तावकसँग कार्यक्रम संचालनको लागि अनुसूची ५ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ ।

(७) लागत अनुमानको बढीमा ५०% सम्म अनुदान दिइनेछ ।

**७. <u>आर्थिक कार्यविधि</u>** : (१) सम्झौता अनुसार सहकारी/समूहलाई प्राप्त हुने सहयोग अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट संचालन हुने गरि सहकारी/समूहको नाममा खोलिएको बैंक खातामा पठाईनेछ । सहकारी/समूहले तपसिलका प्रक्रिया पुरा गरि रकम माग गर्नुपर्नेछ र विभागले स्वीकृत लागत अनुरुप काम भए/नभएको प्राविधिक जाँचबुझ गराई वास्तविक कार्यको आधारमा भएको खर्च रकम मात्र पठाउनेछ ।

(२) सहकारी/समूहले रकम माग गर्दा यथार्थ खर्च खुल्ने गरि सक्कल बिल, भरपाई, भौचर लगायतका सम्पूर्ण कागजपत्र विभागमा पेश गर्नुपर्नेछ । अन्तिम पटकको रकम माग गर्दा विभागको प्रतिनिधि र ५० प्रतिशत भन्दा बढी सदस्यको रोहवरमा प्राप्त रकम, कार्यमा भएको खर्च विवरण सार्वजनिक गरी अनुमोदन गराई सार्वजनिक गरेको निर्णय समेत समूहले पठाउनु पर्नेछ ।

(३) बुँदा ७ (१) बमोजिम विभागमा रकम माग भई आएपछि विभागले तोकेको प्राविधिकको सिफारिसको आधार समेतमा यथार्थ कार्यको भुक्तानी विभागबाट हुनेछ ।

(४) पेश्की लगायतका व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ आर्थिक ऐन /नियमावली अनुसार हुनेछ ।

(५) सम्झौता अनुसारको कार्य नभएमा, प्राप्त रकम हिनामिना वा मसौट गरेमा वा नक्कली बिल भरपाई बनाई भुक्तानी लिएको प्रमाणित भएमा सहकारी/समूहका सम्बन्धित पदाधिकारी वा सदस्यलाई प्रचलित कानुन अनुसार कारवाही गरी सरकारी बाँकी सरह ब्याज सहित रकम असुल उपर गरिनेछ ।

(६) सहकारी/समूहलाई आवश्यक पर्न सक्ने ड्रइङ, डिजाइन, स्पेसिफिकेसन, लागत अनुमानको तयारी गर्न, प्राविधिक प्रस्ताव तयार गर्न, सम्पन्न कार्यको प्राविधिक नाप-जाँच गरि भुक्तानीको लागि सिफारिस गर्न, कार्य सम्पन्न प्रतिवेदन बनाउने समेतका सबै किसिमको प्राविधिक सहयोगको व्यवस्था विभागले मिलाउने छ। विभागमा सम्वन्धित कार्यको लागि आवश्यक प्राविधिक र प्रशासनिक जनशक्ति उपलब्ध हुन नसकेमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार सेवा खरिद गर्न सकिनेछ।

(७) कार्यक्रम कार्यान्वयनका लागि पहिचान गरिएका देहाय बमोजिमका ५ वटा क्षेत्रका क्रियाकलापहरुमा देहाय बमोजिमको खर्च गर्ने गरि रकम उपलब्ध गराईनेछ।

**<u>१. (क) नर्सरी निर्माण(Establishment of Nursery)</u>**

१.१. (अ) नमुना नर्सरी (Model Nursery)

- गुणस्तरीय बिउ/बिरुवाको आवश्यकता परिपूर्तिको लागि सहकारीलाई निम्न पूर्वाधार सहितको नर्सरी निर्माणमा अनुदान सहयोग उपलब्ध गराईनेछ -

- ❖ माऊ बिरुवा स्टक ब्लक (Mother Stocks Block)
- ❖ पोलीब्यागमा बिरुवा सार्न र हुर्काउन एग्रोनेट जाली सहितको नर्सरी (Net house)
- ❖ हावा ओहोर-दोहोर हुन सक्ने, दुवै छेउमा किरा प्रतिरोधी जाली सहितको र थोपा सिंचाई, फोहोरा सिंचाईको (Drip and sprinkler) सुविधा भएको बिरुवा उत्पादन नर्सरी (Propagation house)
- ❖ प्रकाश छेक्न सक्ने (Light screening), दुवै छेउमा किरा प्रतिरोधी जाली सहितको र थोपा सिंचाई, फोहोरा सिंचाईको सुविधा भएको बिरुवा हुर्काउने नर्सरी (Hardening/maintenance house)
- ❖ माटो निर्मलीकरणको लागि सौर्य प्रणाली (Solar system for soil sterilization)
- ❖ सिंचाईको लागि सिंचाई पम्प र टंकी (Water pump and water tank for irrigation)
- ➢ न्यूनतम ८ हेक्टरमा खेती गरिने स्थानमा मात्र नमुना नर्सरी स्थापना गरिनेछ । एउटा नमुना नर्सरीबाट प्रति वर्ष १५०,०००-२००,००० बिरुवा उत्पादन हुनुपर्नेछ । नमुना नर्सरी स्थापना गर्न कुल लागतमा प्रति एकाई रु.३० लाखमा नबढ्ने गरि ५०% सम्म अनुदान उपलब्ध गराईनेछ ।

१.२ (आ) साना नर्सरी (Small Nursery)

- ➢ गुणस्तरीय बिउ/बिरुवाको आवश्यकता परिपूर्तिको लागि निम्न पूर्वाधार सहितको नर्सरी निर्माणमा अनुदान सहयोग उपलब्ध गराईनेछ -
- ❖ हावा ओहोर-दोहोर हुन सक्ने, दुवै छेउमा किरा प्रतिरोधी जाली सहितको र थोपा सिचाई, फोहोरा सिचाईको (Drip and sprinkler) सुविधा भएको र एग्रोनेट जाली सहितको बिरुवा उत्पादन नर्सरी (Propagation house)
- ❖ माटो निर्मलीकरणको लागि सौर्य प्रणाली (Solar system for soil sterilization)
- ❖ सिंचाईको लागि सिंचाई पम्प वा टंकी (Water pump or water tank for irrigation)
- ➢ न्यूनतम २ हेक्टरमा खेती गरिने स्थानमा मात्र साना नर्सरी स्थापना गरिनेछ । एउटा साना नर्सरीबाट प्रति वर्ष ३५,०००-५०,००० बिरुवा उत्पादन हुनुपर्नेछ । साना नर्सरी स्थापना गर्न कुल लागतमा प्रति एकाई रु.७.५ लाखमा नबढ्ने गरि ५०% सम्म अनुदान उपलब्ध गराईनेछ ।

## <u>२. (ख) व्यावसायिक खेती कार्य (Cultivation of Medicinal Plants)</u>

२.१ (अ) रुख प्रजातिका जडीबुटीहरु (Medicinal tree plants)

न्यूनतम ४०० बिरुवा प्रति हेक्टर रोपण गर्ने गरि (प्रति बिरुवा ६०/-) प्रति हेक्टर रु. २४,००० अनुदान सहयोग ।

२.२ (आ) बुट्यान प्रजातिका जडीबुटीहरु (Medicinal shrub plants)

न्युनतम १६०० बिरुवा प्रति हेक्टर रोपण गर्ने गरि (प्रति बिरुवा ४०/-) प्रति हेक्टर रु. ६४,००० अनुदान सहयोग ।

२.३ (इ) झार प्रजातिका जडीबुटीहरु (Medicinal herb plants)

न्यूनतम १०,००० बिरुवा प्रति हेक्टर रोपण गर्ने गरि (प्रति बिरुवा १०/-) प्रति हेक्टर रु. १००,००० अनुदान सहयोग ।

## ३. (ग) बाली संकलन पछिको व्यवस्थापन कार्य (Post-harvest management)

३.१ (अ) जडीबुटी सुकाउने स्थल (Drying yards)

- जडीबुटी (कच्चा, प्रशोधित, वस्तु) को गुणस्तरमा वृद्धि गरि निर्यातमा सहयोग पुर्‍याउन निम्न पूर्वाधार सहितको जडीबुटी सुकाउने स्थलको निर्माण गरिनेछ -
  - ❖ पखाल्ने, सफा गर्ने, ग्रेडिङ्ग गर्ने र सुकाउने पूर्वाधार
  - ❖ जाली सहितको सुकाउने कक्ष वा कम तापक्रममा जडीबुटी सुकाउने आवश्यक सुविधा
- जडीबुटी सुकाउने स्थल न्यूनतम १००० के.जी. क्षमताको हुनुपर्नेछ । जडीबुटी सुकाउने स्थल स्थापना गर्न कुल लागतमा प्रति एकाई रु. ५ लाखमा नबढ्ने गरि ५०% सम्म अनुदान उपलब्ध गराईनेछ ।

३.२ (आ) भण्डारण गृह (Storage godown)

सुकाएर प्रशोधनको लागि तयारी जडीबुटीहरुलाई अल्प र मध्यम समय सम्म राख्नको लागि हावा ओहोर-दोहोर हुने, ओस नपर्ने, र खेती गरिएको स्थानबाट टाढा नपर्ने गरि भण्डारण गृहको निर्माण गरिनेछ । भण्डारण गृह निर्माणको लागि कुल लागतमा प्रति एकाई रु.१० लाखमा नबढ्ने गरि ५०% सम्म अनुदान उपलब्ध गराईनेछ ।

## ४. (घ) प्रशोधन तथा मूल्य अभिवृद्धि कार्य (Processing and value addition)

४.१ (अ) प्रशोधन इकाई (Processing unit)

- खेती गरिने जडीबुटी प्रजातिको आधारमा प्रशोधन इकाई (धुलो पार्ने, तेल निकाल्ने) स्थापना गरिनेछ । प्रशोधन इकाई स्थापना गरिने क्षेत्र सडक संजालको नजिक जोडिएको हुनुपर्नेछ ।
- प्रशोधन इकाई स्थापना गर्न कुल लागतमा प्रति एकाई रु. ३० लाखमा नबढ्ने गरि ५०% सम्म अनुदान उपलब्ध गराईनेछ ।

४.२ (आ) प्राङ्गारिक असल खेती विधि प्रमाणीकरण (Organic/GACP certification)

- जडीबुटीको मूल्य अभिवृद्धि गर्न अनुदान सहयोग रकम प्राप्त गरि जडीबुटी खेती गरिरहेका सहकारीहरूलाई तेस्रो वर्ष पछि अवलम्बन गरिएका विधि/प्रयासको आधारमा प्राङ्गारिक असल खेती विधि प्रमाणीकरण गर्न रु. १०,००० प्रति हेक्टरको दरले अधिकतम ५० हेक्टरको लागि रु. ५ लाख अनुदान सहयोग उपलब्ध गराईनेछ ।

४.३ (इ) बजार प्रवर्द्धन तथा बजार सुनिश्चिता (Market promotion and buy back interventions)

बजार प्रवर्द्धन, बजार सूचना प्रणाली र बजार सुनिश्चिताको लागि अनुदान सहयोग उपलब्ध गराईनेछ । खेती गरिने जडीबुटीको प्रजाति, स्थान तथा खेती गरिएको क्षेत्रफल अनुसार अनुदान सहयोग फरक हुन सक्नेछ, तर प्रति प्रस्ताव सहयोग रकम अधिकतम रु. २ लाख रहनेछ ।

## ५. (ङ) लगानी सुरक्षण कार्य (Investment safety)

५.१ (अ) कृषि कर्मको लागि जडीबुटी खेती कार्य सर्वथा नौलो रहेको हुँदा कृषकको लगानी सुरक्षित गर्न खेती बाली बिमा गरिनेछ। यसरी बिमा गर्दा प्रिमियम/बीमाङ्क रकमको ५०% रकम अनुदान

स्वरुप सहयोग गरिनेछ । बीमाङ्क/प्रिमियम रकम र अन्य प्रावधानहरु सरकारी बिमा संस्थानहरुसँगको छलफल पछि टुङ्गो लगाईनेछ ।

५.२(आ) सहकारी/समूहलाई प्राप्त गरेको आर्थिक सहयोग माथि उल्लेखित ५ वटा क्षेत्रका क्रियाकलापहरु अन्तर्गतको सामग्री खरिद, कामदार ज्याला बाहेकको अन्य खर्च शिर्षकहरु (प्रशासनिक खर्च, भ्रमण खर्च, समुहको छलफल तथा चियापान) मा प्रयोग गर्न पाइने छैन ।

(८) बुँदा नं (७) मा निर्धारण गरिएका कुनै एक क्षेत्र मा अनुदान प्राप्त गर्ने समूह वा संघ, संस्थालाई एक आर्थिक वर्षमा अर्को क्षेत्रमा अनुदान प्रदान गरिनेछैन ।

**८. <u>बजेट सम्बन्धी व्यवस्था</u> :** यस कार्यक्रमको संचालनको लागि आवश्यक बजेट नेपाल सरकारको वार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद - ३

## कार्यक्रम अनुगमन तथा मूल्यांकन व्यवस्था

९. **कार्यक्रम अनुगमन तथा मूल्यांकन** : यस कार्यक्रमको अनुगमन तथा मुल्यांकन समय-समयमा वा आवश्यकता अनुसार मन्त्रालयबाट तथा विभागबाट प्रभावकारी रुपमा गर्नुपर्नेछ। आवश्यक परामर्शको लागि वनस्पति अनुसन्धान केन्द्रहरु परिचालन गरिनेछन् ।

## परिच्छेद - ४

## विविध

१०. **अन्तिम व्याख्या गर्न सक्ने** : यस कार्यविधिको कार्यन्वयनमा केहि बाधा व्यवधान आइपरेमा वा दुविधा उत्पन्न भएमा मन्त्रालयले सोको अन्तिम व्याख्या गर्न सक्नेछ ।

## अनुसूची १

## जडीबुटी छनौट आधार र अङ्कभार

## (बुँदा नं ४ सँग सम्बन्धित)

| प्राकृतिक वासस्थान (१०%) | बजार माग (३०%) | खेती प्रविधि (२०%) | प्राकृतिक उपलब्धता (१०%) | बिरुवा उमार्ने विधि (२०%) | वृद्धि दर (१०%) |
|---|---|---|---|---|---|
| (१-४) | (१-४) | (१-४) | (१-४) | (१-४) | (१-४) |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्राकृतिक वासस्थान : फराकिलो (४), घाम वा छायाँमा मात्र (३), विशेष माटोमा मात्र (२), सिमित (१)

बजार माग : स्थिर र बढ्दो (४), स्थिर (३), अस्थिर (२), अस्थिर र घट्दो (१)

खेती प्रविधि : लिखित छ र खेती भैरहेको छ (४), लिखित छ (३), लिखित छैन र खेती भैरहेको छ (२), छैन (१)

प्राकृतिक उपलब्धता : संकटापन्न (४), लोपोन्मुख (३), सिमित स्थानमा (२), प्रचुर (१)

बिरुवा उमार्ने विधि : जरा, काण्ड, पात, बिउबाट सजिलो (४), जरा, काण्ड, पात, बिउबाट असजिलो (३), बिउबाट मात्र सजिलो (२), बिउबाट मात्र असजिलो (१)

वृद्धि दर : तिब्र (४), मध्यम (३), न्यून (२), धेरै न्यून (१)

## अनुसूची २

## छनौट गरिएका प्रजातिहरु

## (बुँदा नं ४ सँग सम्बन्धित)

| | | |
|---|---|---|
| झार प्रजाति | अतिस | (२८००-३७००) मि. |
| झार प्रजाति | चिराइतो | (१५००-२५००) मि. |
| रुख प्रजाति | काउलो | (१५००-२१००) मि. |
| झार प्रजाति | कुट्की | (३५००-४५००) मि. |
| झार प्रजाति | जटामसी | (३२००-५०००) मि. |
| रुख प्रजाति | लौठसल्ला | (२३००-३४००) मि. |
| झार प्रजाति | सतुवा | (२०००-३०००) मि. |
| रुख प्रजाति | तेजपात | (४५०-२०००) मि. |
| झार प्रजाति | सुगन्धवाल | (१५००-३३००) मि. |
| बुट्यान प्रजाति | टिमुर | (१२००-२४००) मि. |
| झार प्रजाति | कुरिलो | (१००-२१००) मि. |
| झार प्रजाति | पाषणभेद | (१०००-३२००) मि. |
| झार प्रजाति | बोझो | (५००-२३००) मि. |
| बुट्यान प्रजाति | दारु हल्दी (चुत्रो) | (१८००-३०००) मि. |
| झार प्रजाति | सेतक चिनी (खिरौले) | (१२००-२५००) मि. |
| रुख प्रजाति | सुगन्धकोकिला | (१०००-१५००) मि. |
| रुख प्रजाति | रिठ्ठा | (१०००-१५००) मि. |
| झार प्रजाति | सर्पगन्धा | (१००-१०००) मि. |
| झार प्रजाति | क्यामोमाईल | Cultivated |
| झार प्रजाति | सिट्रोनेला | Cultivated |
| झार प्रजाति | मेन्था | Cultivated |

## अनुसूची ३

### संक्षिप्त कार्ययोजना प्रस्ताव
### (बुँदा नं ६(३) सँग सम्बन्धित)

१. प्रस्ताव पेश गर्ने सहकारी/समूहको नाम र ठेगाना

२. सहकारी/समूहको छोटो चिनारी र लक्ष्य

३. विद्यमान वित्तिय तथा अन्य प्राविधिक पूर्वाधारहरु

४. विद्यमान भौतिक पूर्वाधारहरु

५. प्रस्तावित क्रियाकलापहरु

६. प्रस्तावित क्रियाकलापहरु संचालन गरिने विधि (जनशक्ति, ५०% सहकारी/समूहको योगदान कसरी जुटाउने, उपलब्ध जग्गा)

७. प्रस्तावित क्रियाकलापहरुबाट हुने खर्च तथा आम्दानीको प्रक्षेपण

८. क्रियाकलाप संचालन गर्न लाग्ने समय

९. प्रस्तावित क्रियाकलापहरुबाट लाभान्वित घरधुरी र सिर्जना हुने रोजगारी

१०. लगानीका सम्भाव्य स्रोत सम्बन्धी विवरण

११. प्रस्तावित क्रियाकलापहरुबाट उत्पादित हुने जडीबुटी वा प्रशोधित वस्तुको मात्रा

१२. दीर्घकालिन जगेर्ना विधि

## अनुसूची ४

## प्रस्ताव मूल्याङ्कन विधि

## (बुँदा नं ६(४) सँग सम्बन्धित)

| जग्गाको अवस्थिति र उपयुक्तता (२०%) | सहकारी/समूहको पृष्ठभूमि र जडीबुटी क्षेत्रमा अनुभव (२०%) | संस्थागत क्षमता (२०%) | समावेशिता (२०%) | दीर्घकालिन जगेर्ना विधि (२०%) |
|---|---|---|---|---|
| | | | | |

**व्यवसायिक योजनाको मूल्याङ्कन तालिका**

| क.सं. | निर्णयको मापदण्ड | भार (अङ्क) | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|
| १. | जग्गाको अवस्थिति र उपयुक्तता (२०%)<br>क) खेतीको सम्भाव्यता<br>ग) भौगोलिक र सामाजिक आधार | १०<br>१० | खेतीको सम्भाव्यता भौगोलिक र सामाजिक आधार (जग्गाको कित्ता नं., फिल्डबुक, नक्शा, क्षेत्रफल) | |
| २. | संस्थागत क्षमता (२०%)<br>क) प्राविधिक क्षमता<br>ख) व्यवस्थापकिय क्षमता | १०<br>१० | संचालन विधि<br>खर्च तथा आम्दानी प्रक्षेपण<br>कर्मचारी र कामदारको स्थिती | |
| ३. | सहकारी/समूहको पृष्ठभूमि र जडिबुटी क्षेत्रमा अनुभव (२०%)<br>(क) पृष्ठभूमि<br>(ख) जडीबुटी क्षेत्रमा अनुभव | १०<br>१० | पूर्व संचालित कार्यक्रमको विवरण<br>जडीबुटी क्षेत्रमा अनुभवको विवरण | |
| ४. | समावेशिता (२०%)<br>क) <५०% समावेशी<br>ख) >५०% समावेशी | २०<br>१० | विपन्न वर्गका दलित महिला, आदिवासी, जनजा ति, बेरोजगार युवाको सहभागितालाई आधार मान्नु पर्नेछ । | |
| ५. | दीर्घकालिन जगेर्ना विधि (२०%)<br>क) पूर्व संचालित कार्यक्रमको प्रगति<br>ख) भौगोलिक र समाजिक आधार | १०<br>१० | लगानीको स्रोत, प्रतिफल प्राप्त गर्ने समय तथा सम्भावित आर्थिक प्रतिफल, पूर्व संचालित कार्यक्रमको प्रगति | |
| | जम्मा | १०० | | |

## अनुसूची ५
## सम्झौता पत्रको ढाँचा
## (बुँदा नं ६(६) सँग सम्बन्धित)

...............कार्यक्रम संचालन गरि सम्पन्न गर्न र दीर्घकालिन जगेर्ना समेत गर्नको लागि नेपालको प्रचलित ऐन कानुनको परिधिभित्र रही नेपाल सरकार, वनस्पति विभाग र .............. सहकारी/समूह बीच तल उल्लेखित विवरण शर्तहरु सहितको सम्झौता सम्पन्न भयो ।

१. नगरपालिका/गाउँपालिका/वडाको नाम :
कार्यक्रमको नाम :
१. कार्यक्रम गर्ने सहकारी/समूहको नाम :
२. कार्यक्रम लागु हुने :
 (क) क्षेत्र : गाउँ/क्षेत्र
 (ख) वडा :
५. कार्यक्रमबाट लाभान्वित :
 (क) क्षेत्र : गाउँ/क्षेत्र
 (ख) वडा :
 (ग) घर परिवार संख्या :
 (घ) दलित/सिमान्तकृत घरपरिवार संख्याः
६. कार्य शुरु गर्ने मिति :
७. कार्य सम्पन्न गर्नुपर्ने मिति :
८. कार्यक्रमको लागि लाग्ने खर्च (विभागले तयार गर्ने ल.ई. बमोजिम) :
९. सम्झौता पूर्व सहकारी/समूहको निवेदन र कार्ययोजना अनिवार्य रुपमा पेश गर्नुपर्नेछ, जसमा सहकारी/समूहले आफ्नो पहलमा गर्ने प्रयासहरु, सहकारी/समूहको लगानी र दीर्घकालिन जगेर्ना विधिको बारेमा प्रतिवद्धता गरेको हुनुपर्नेछ ।
१०. सहकारी/समूहले कार्यक्रम कार्यान्वयनको लागि निवेदन र कार्ययोजना पेश गर्दा सहकारी/समूहको लेटरप्याडमा पेश गर्नुपर्नेछ ।
११. कार्यको परिमाण, आवश्यक सामाग्री र ज्यामीको विवरण तथा खर्च व्यहोर्ने श्रोत संलग्न फारममा उल्लेख गरे अनुसार हुनेछ ।
१२. कार्यको गुणस्तर र डिजाईन विभागबाट उपलब्ध गराइएको नक्शा र स्पेसिफिकेसनमा उल्लेख गरे बमोजिम हुनुपर्नेछ।
१३. विभागले व्यहोर्ने रकमको हकमा सम्पन्न प्रगतिको अनुपातमा सि. नं. ११ मा उल्लेख गरिएको फारम अनुसार हिसाव गरि २ किस्तामा गरेर सहकारी/समूहको बैंक खातामा जम्मा हुने गरि उपलब्ध गराउनु पर्नेछ । पहिलो किस्ताको रकम दुरुपयोग भएको खण्डमा विभाग दोस्रो दोस्रो किस्ता भुक्तानी गर्न बाध्य हुनेछैन साथै दुरुपयोग भएको पाईएमा पहिलो किस्ताको रकम समेत सरकारी बाँकि सरह असुल उपर गरिनेछ ।
१४.स्थानीय साधन जुटाउने, व्यवस्थित ढंगले कार्य गर्ने र आयोजनाको स्याहार सम्भार गर्ने समेत दायित्व सहकारी/समूहको हुनेछ ।
१५. कार्यक्रमको लागि माग भएको वा प्रयोग हुने सामग्री कुनै पनि हालतमा अन्यत्र प्रयोग गर्न पाईने छैन ।
१६.सम्बन्धित प्राविधिकको सहमति बेगर समुहले डिजाईन फेर्नु हुँदैन।कथमकदाचित सहकारी/समूहले आफुखुशी डिजाईन/स्पेसिफिकेसन फेरि कार्य गरेमा त्यसको भुक्तानी दिन विभाग बाध्य हुनेछैन।
१७. यो सम्झौता ........... मितिबाट लागु हुनेछ । सम्झौता अनुसार सहकारी/समूहले.............गते भित्र सम्पूर्ण कार्यहरु सम्पन्न गरि सार्वजनिक सुनुवाई सहित बिल /भरपाई पेश गर्नुपर्नेछ ।

इति संवत्...........साल..........महिना............गते............रोज शुभम् ।

| | |
|---|---|
| उपभोक्ता तर्फबाट : | विभागको तर्फबाट : |
| अध्यक्ष वा सहकारी/समूहले तोकेको व्यक्तिको नामः | विभागीय प्रमुख वा अख्तियारी प्राप्त व्यक्तिको नामः |
| हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : | मिति : |

साक्षी :